स्वीकृत भई लागू गरिएका सेनातर्फका नियम तथा आदेश जंगी ऐन संग बाझिए पनि सो नियम तथा आदेश लागू हुनेछ।

५. नियम बनाउने अधिकारः—सेनाका अफिसर तथा जवानहरूको भर्ना प्रमोशन बिदा र सेवा सम्बन्धी शर्तहरू बारे श्री ५ को सरकारले नियम बनाउन सक्नेछ। त्यस्तो नियममा लेखिएकोमा सोही नियम बमोजिम र अरूमा जंगी ऐन बमोजिम हुनेछ।

लालमोहर सदर मिति २०१५।२।१५ मा

आज्ञाले—
नयनबहादुर खत्रीछत्री
सचिव–कानून तथा संसदीय प्रबन्ध सचिवालय

## कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्री ५ महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र बीर बिक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानां सदा समरविजयिनाम्।

### २०१५ सालको ऐन नं. १०

### केही कर लगाउने व्यवस्था गर्नेको निमित्त बनेको ऐन

देशको आर्थिक व्यवस्था मिलाउन आवश्यक देखिएको हुनाले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरी बक्सेको छ।

१. संक्षिप्त नाम विस्तार र प्रारम्भः- (१) यस ऐनको नाम कर लगाउने ऐन, २०१५ रहेको छ।

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ।

९०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "धनी" भन्नाले सरकारी स्रेस्तामा दर्तावाला व्यक्ति वा कुन प्रकार हक हुन आई दर्तावालाको हैसियतले भोग चलन गर्ने व्यक्ति सम्झनुपर्छ।

(ख) "तोकिएको अफिसर" भन्नाले श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा तोकिएको अफिसरलाई सम्झनुपर्छ।

(ग) "मालपोत" भन्नाले जग्गाको नाताले सरकारको माल वा गुठी वा पोत रजिष्ट्रेशन अड्डा वा यस्तै मालपोत असूल गर्ने अड्डामा तिर्नु पर्ने जग्गाको तिरो सम्झनु पर्छ।

(घ) "करदाता" भन्नाले दफा ४, ५, ६, ९७मा धनी भनी लेखिएको व्यक्ति सम्झनु पर्छ।

३. <u>कर लगाउने र असूल गर्नेः-</u> देहायका कुराहरूमा २०१५।१६ को आर्थिक साल देखि यस ऐन बमोजिम कर लगाई असूल गरिने छ।

(क) ग्रामीण क्षेत्रको जग्गा जमीनमा,

(ख) नगरपालिका क्षेत्र भित्रको घर जग्गामा,

(ग) सवारीमा,

(घ) सरकारबाट बन्दोबस्त गरेको पानीमा।

४. <u>ग्रामीण क्षेत्रको जग्गा जमीनमा कर</u> (१) ग्रामीण क्षेत्रको जग्गा जमीनमा अनुसूची १ मा लेखिएबमोजिम वार्षिक कर लगाई धनीबाट असूल गरिनेछ।

(२) यस दफा बमोजिम लगाइएको कर माफीवालाले मोहीबाट तिरो सह असूल गरी लिन सक्नेछन्।

तर- कुनै तरहको कुत तिरी ठेकी असूल गरी लिने माफीवालाले मोहीबाट लिन पाउने छैन।

(३) यस दफा बमोजिम लगाइएको कर दर्तावाला वा धनीले सुरक्षित किसानबाट असूल उपर गर्न पाउने छैन।

(४) यस दफा बमोजिम लगाएको करको सम्बन्धमा मालपोत असूल गर्ने तिर्ने सम्बन्धी कानून लागू हुनेछ।

(५) अनावृष्टि वा अतिवृष्टि भै वा नदी काटी बालुवा पसी वा शाखा जमीनाले खाई वा खेत खलामा आगो लागि जग्गाको उब्जा कम भएमा वा नोक्सान भएमा सरकारले नेपाल गजेटमा सूचना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकार गरी यस दफा बमोजिम लाग्ने करको केही भाग वा पूरा माफी दिन सक्नेछ ।

५. नगरपालिका क्षेत्र भित्रको घर जग्गामा करः- (१) नगरपालिका क्षेत्र भित्र रहेको घर तथा जग्गामा अनुसूचि २ मा लेखिए बमोजिम वार्षिक कर लगाई सो घर जग्गाको धनीबाट असूल गरिनेछ ।

तर- त्यस्तो कुनै जग्गामा मालपोत लागि आएको रहेछ भने दफा ४ बमोजिम नै हुनेछ ।

(२) यस दफा बमोजिम असूल हुने गरी लगाएको कर सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा तोकिएको समयमा तोकिएको अफिसरलाई बुझाउनु पर्नेछ ।

६. सवारीमा करः-(१) नेपाल भित्र रहेका अनुसूचि ३ मा लेखिएको सवारी उपर सोही अनुसूचि ३ मा लेखिएको दरले वार्षिक कर लगाई त्यस्तो सवारीको धनीबाट असूल गरिनेछ ।

(२) यस दफा बमोजिम लाग्ने भएको कर अर्को आदेश नभएमा तोकिएको अफिसरलाई यो ऐन प्रारम्भ भएको पहिलो वर्षको निमित्त आश्विन मसान्तसम्ममा बुझाई लाइसेन्स लिइ सक्नु पर्नेछ, त्यसपछिको हरेक सालमा आश्विन मसान्त सम्ममा बुझाई लाईसेन्स रिन्यू गर्नु पर्नेछ ।

७. पानीमा करः-(१) सरकारले बनाएको रिजरभ्वायर वा टंकीमा जम्मा गरी वा खोला मूलदेखिनै पाइप लाइनबाट ल्याएको पानी पाइपद्वारा कसैले आफ्नो क्याम्पस वा घरमा जडान गरी उपभोग गरेकोमा अनुसूचि ४ मा लेखिएको दरले मासिक कर लगाई धनीबाट लिइनेछ ।

(२) यस दफा बमोजिम लाग्ने भएको कर प्रत्येक महीना मुक्तान भएको ७ दिन भित्र पानी अड्डामा वा पानी अड्डा नभएको ठाउँमा तोकिएको अफिसरलाई बुझाइ सक्नु पर्नेछ ।

८. विवरण दाखिल गर्नेः- सरकारले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा सोही सूचनामा तोकी दिएको म्याद भित्र तोकिएको ढाँचा फारममा तोकिएको अफिसर वा पानी अड्डा वा मालपोत असूल गर्ने अड्डाको समक्ष यस ऐनको दफा ४,५,६ र ७ मा लेखिए बमोजिम कर लाग्ने आफ्नु हक भोगचलनमा रहेको वा कसैलाई भोग चलन दिइ राखेको प्रत्येक त्यस्ता कु-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एको पक्का विवरण आवश्यकतानुसार सबै वा केही करदाताहरूलाई दाखिल गर्न लगाउन सक्नेछ।

तर— त्यस्तो करदाता नेपाल भित्र न भएकोमा त्यस्ता करदाताले राखेको कारोबारी वा त्यस्तो कुरा भेरि चलन गर्ने व्यक्तिले पनि त्यसरी माग भएको यस दफा बमोजिम विवरण दाखेल गर्नु पर्नेछ।

९. विवरण दाखिल नभएमा गरिने:– (१) मनासीब माफिक कारण बाहेक कुनै व्यक्तिले दफा ८ बमोजिम निकालिएको आदेशमा तोकिदिएका समय भित्र दाखिल गर्नु पर्ने विवरण दाखिल नगरेमा वा झुट्टा विवरण दाखिल गरेमा त्यस्तो कर असूल गर्न तोकिएको अफिसर वा मालपोत असूल गर्ने अड्डा वा पनि अड्डाले जुन कुराको विवरण दाखिल न गरेको वा झुट्टा दाखिल गरेको ठहरिन आउँछ त्यस कुरामा ऐस बमोजिम लाग्ने करको दोब्बर जरिवाना गर्नेछन्।

(२) दफा ८ बमोजिम मागेको विवरण दाखिल नहुँदैमा यस ऐन बमोजिम कर लाग्ने कुराको मूल्याङ्क गर्ने वा लगत तयार गर्न वा असूल गर्न बाधा हुनेछैन।

१०. कर न बुझाएमा गर्ने:–यस ऐन बमोजिम लाग्ने भएको कर यस ऐन बमोजिम न बुझाएमा देहाय बमोजिम गरिनेछ:—

(क) मालपोत लाग्ने जग्गा जमीनको कर बाँकी राखेमा माल पोत बुझाउने र असूल गर्ने प्रचलित नेपाल कानून बमोजिम गरिनेछ।

(ख) पानीमा लागेको कर न बुझाएमा अड्डा वा तोकिएको अफिसरले पानी जाने पाइप लाइन काटी असूल गर्नु पर्ने कर त्यसरी न बुझाउनेको जायजातबाट नियममा तोकिए बमोजिम गरी असूल गर्नेछन्।

(ग) खण्ड (ख) बमोजिम वा करदाताको अनुरोधबाट केही वा सबै लाइन काटीएमा वा पाइप लाइनको वा ट्यांकको संख्या घटाएमा पानी अड्डा वा तोकिएको अफिसरले आफुसंग रहेको त्यस्ता व्यक्तिको करको लगत घटाएको वा काटिएको अनुपातमा मिलाई लगत कायम गरी वा लगत काटी सरकारमा सूचना गर्नेछन्।

९९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अन्य वर नबुझाएमा तोकिएको अफिसरले त्यसरी नबुझाइनेको जायजातबाट नियममा तोकिए बमोजिम गरी वार्षिक सयकडा रु. १० का दरले ब्याज समेत लगाई असूल गर्न सक्नेछ।

११. लिनु दिनु गरेको सदर नहुने:- यस ऐन बमोजिम कर लागेको कुरा कसैले कुनै प्रकारसंग लिनु दिनु गर्दा वा हक छाड्दा लिनु दिनु गरेका वा हक छाडेका साल्को लाग्ने कर बुझाई लिए दिएको वा हक छाडेको मात्र सदर मानिने छ। कर नबुझाई लिनु दिनु गरेको सदर मानिने छैन र हक छाडेकोमा लाग्ने करबाट छुटकारा पाउन सक्ने समेत छैन।

१२. लगत काटने र नामसारी गर्ने:-(१) यस ऐन बमोजिम कर लागेको कुनै कुरा यस ऐनका रित बमोजिम लिनु दिनु गरेमा दिनेको नाम काटी लिनेका नाममा लगत सारिने छ।

(२) यस ऐन बमोजिम कर लागेको कसैको कुनै सवारी पुनः काम दिन नसक्ने गरी बिग्रयो नोकसान भयो वा नेपाल भित्र नरहने भयो भन्ने तोकिएको अफिसरले पक्का ठहराएमा त्यस्तो सवारीको धनीबाट सो सालको कर असुल गरी लगत काटी दिन सक्नेछन्।

१३. यस ऐन बमोजिम वा लागी आए बमोजिम गर्न बाधा नपुग्ने:- यस ऐनमा लेखिएको कुनै कुराले पनि यस ऐन बमोजिम कर लाग्ने भएको कुरामा यो ऐन प्रारम्भ हुनु भन्दा अघि देखि लागी असूल गरी आएको मालपोत वा दस्तुर फी अरू कुनै किसिमको सरकारी रकम लिन स्थानमा वा कुनै नेपाल कानून अनुसार लाग्न सक्ने स्थानीय कर लगाई लिन बाधा पुर्याएको मानिने छैन।

१४. अपील:-यस ऐन बमोजिम तोकिएको अफिसर वा मालपोत असूल गर्ने अड्डा वा पानी अड्डाले दफा ९ वा १० बमोजिम दिएका कुनै आदेशमा चित्त नबुझ्नेले आदेश पाएका मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र सरकारमा अपील गर्न सक्नेछन्, सरकारले दिएको आदेश अन्तिम हुनेछ।

१५. अस्थायी लाइसेन्स हुन सक्ने:- भाडामा माल वा मानिस ल्याउँ वा लादने विचार गरी अस्थायी तवरबाट नेपाल भित्र ल्याइएका अनुसूचि ३ मा लेखिएका सवारीमा सोही अनुसूचिमा लेखिएका वार्षिक करले

993

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ खण्डको १ खण्ड कर लाग्ने छ र त्यसरी कर लिएपछि मात्र तोकिएको अफिसरले १ पटकमा २ महीना सम्मको निमित्त सवारी चलाउन अस्थायी लाइसेन्स दिनेछन् ।

तर— यो दफा कहीले काहीं आउने प्राइभेट सवारीमा लागू हुने छैन ।

१६. पछि थप भएमा यही ऐन बमोजिम हुनेः- यो ऐन बमोजिम १ पटक लगत भएपछि ग्रामीण क्षेत्रका जग्गा जमीन हाल आबादी गरी वा नगरपालिका क्षेत्र भित्र घर बनी थपी वा सवारी बनाई वा झिक ई वा धारा पानी लिइ थप हुन आएमा समेत यो ऐन लागू हुनेछ र यही ऐन बमोजिम गरी कर असूल गरिने छ ।

१७. अदालतमा सवाल जवाफ न हुनेः- यस ऐन बमोजिम भए गरेका काम कुरामा कुनै अदालतमा सवाल जवाफ गरिने छैन ।

१८. नियम बनाउने अधिकारः-(१) यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागी सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) या प्रतिकूल प्रभाव न पर्ने गरी खासगरी देहायका विषयमा नियम बन्न सक्नेछन् ।

(क) कर लाग्ने कुराको मूल्याङ्कन गर्ने तरिका ।

(ख) कर असूल गर्ने कार्यविधि

## अनुसूची १

ऐनको दफा ४ बमोजिम लगाइने करको दर

| १ | २ |
|---|---|
| कर लाग्ने जग्गाको विवरण | दर प्रत्येक एक रूपैयां मालपोत पिछे लाग्ने कर |
| निजी जग्गामा | स्थानीय रैकर जग्गामा लागेको कर बमोजिम |
| अन्य जग्गामा | एक रूपैयां |

स्पष्टीकरणः- मालपोतको लगत जिन्सीमा कसिएको जग्गामा दर कायम गर्दा इलाका बालका भाउले नगरी बाटी हुने अंक झिकी कायम गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची २

ऐनको दफा ५ बमोजिम लगाइएको करको दर

लाग्ने करको दर प्रति एक हजारमा

| | मूल्याङ्क | कर दर |
|---|---|---|
| पहिलो | २५००० । लाई | । न लाग्ने |
| त्यसपछिको | १०००० । सम्मलाई | । ४।५० |
| त्यसपछिको | १०००० । सम्मलाई | । ६। |
| त्यसपछिको | १०००० । सम्मलाई | । ७।५० |
| त्यसपछिको | १५००० । सम्मलाई | । ९।५० |
| त्यसपछिको | १५००० । सम्मलाई | । १२।५० |
| त्यसपछिको | १५००० । सम्मलाई | । १३।५० |
| त्यसपछिको | २५००० । सम्मलाई | । १६। |
| त्यसपछिको | २५००० । सम्मलाई | । १८।५० |
| त्यसपछिको | २५००० । सम्मलाई | । २१। |
| त्यसपछिको | ५०००० । सम्मलाई | ।२४। |
| त्यसपछिको | अधि सुकै भए पनि | ---२५। |

स्पष्टीकरण – हजार न पुगेको अंकलाई एक हजार बराबर मानिनेछ।

# अनुसूची ३

ऐनको दफा ६ बमोजिम सवारीको नाम र करको दर

| १<br>सवारीको नाम | २<br>करको दर<br>प्राइभेट - भाडा |
|---|---|
| लहरी | १५० - १५० |
| ट्रक | १५० - १५० |
| बस | १५० - १५० |
| कार, जीप | १०० - १५० |

११२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| मोटर साइकल | ५० | ·७५ |
| कनसाइकल लाइट मोटर साइकल | १३० | ·४५ |
| बग्गी एक्का | ५ | ·५ |
| बैलगाडी | २ | ·२ |
| साइकल रिक्सा | ५ | ·५ |
| रिक्सा | ४ | ·४ |

## अनुसूची ४

## ऐनको दफा ७ बमोजिम लाग्ने कामको दर

| कामको बयान | कामको दर |
|---|---|
| **(क) १½ आधा इन्चीको पाइप जोडी कनेक्शन लिएकोमा** | |
| (१) टायप वा सिष्टर्न वा ट्याँक होस १ को | १ एक रुपैयां |
| (२) एक भन्दा बढी भएकोमा जति बढीछ हरेकको | आधा रुपैयां |
| **(ख) ¾ पौने इन्चीको पाइप जोडी कनेक्सन लिएकोमा** | |
| (१) टायप वा सिष्टर्न वा ट्यांक होस १ को | सवा रुपैयाँ १। |
| (२) एक भन्दा बढी भएकोमा जति बढी छ हरेकको | आधा रुपैयाँ |
| **(ग) १" एक इन्चीको पाइप जोडी कनेक्सन लिएकोमा** | |
| (१) टायप वा सिष्टर्न वा ट्यांकी होस १ को | डेढ रुपैयाँ १॥ |
| (२) एक भन्दा बढी भएकोमा जति बढीछ हरेकको | पौने रुपैयाँ ॥। |
| **(घ) १॥ डेढ इन्चीको पाइप जोडी कनेक्सन लिएकोमा** | |
| (१) टाइप वा सिष्टर्न वा ट्यांक होस १ को | पौने दुइ रुपैयां १॥। |
| (२) एक भन्दा बढी भएकोमा जति बढी छ हरेकको | पौने रुपैयाँ ॥। |
| **(ङ) २" इन्चीको पाइप जोडि कनेक्सन लिएकोमा** | |
| (१) टाइप वा सिष्टर्न ट्यांक होस १ को | चार रुपैयां |
| (२) एक भन्दा बढी भएकोमा जति बढी छ हरेकको | दुइ रुपैयाँ |
| **(च) ३" तीन इन्चीको पाइप जोडी कनेक्सन लिएकोमा** | |
| (१) टायप वा सिष्टर्न वा ट्यांक होस १ को | आठ रुपैयाँ |
| (२) एक भन्दा बढी भएकोमा जति बढी छ हरेकको | चार रुपैयाँ |

११६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४" इन्ची वा सो भन्दा बढीको पाइप जोडी कनेक्सन लिएकोमा

१ टायप वा सिङ्गल वा ड्यांक होस १ को सोह्र रुपैयां

२ एक भन्दा बढा भएकोमा अति बढी क हरेकको आठ रुपैयां

लल मोहर सदर मिति ०१५।२।२५ मा

आज्ञाले

नयबहादुर खत्री क्षत्री

सचिवः कानून तथा संसदीय प्रबन्ध सचिवालय

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा.

996

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।